# गण्डकी प्रदेश सभा
## आठौँ अधिवेशन
## बैठक संख्या -२२
## सूचनापत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

<u>मिति २०८२ साल असार २४ गते, मंगलबार</u>

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा विहान ११:२० बजे** प्रारम्भ भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा **माननीय श्यामराजा महतले समसामयिक विषयमा** आफ्नो भनाई राख्नुभयो।

तत्पश्चात माननीय उर्जा **जलश्रोत तथा खानेपानी मन्त्री फणीन्द्र देवकोटा**ले विभिन्न मितिको सभाको बैठकको आकस्मिक, शुन्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात **माननीय सामाजिक विकास युवा तथा खेलकुद मन्त्री श्री बिन्दुकुमार थापा**ले सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदन सहितको **"गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि छलफल गरियोस्** भनि प्रस्ताव पेस गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

तत्पश्चात **"गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको दफावार छलफल प्रारम्भ भयो । उक्त दफावार छलफलमा **माननीय महेश भट्टराई, माननीय सुधिर कुमार पौडेल, माननीय कुसुम बुढा पुन, माननीय विन्दु पौडेल, माननीय सरस्वती गुरुङ, माननीय निर्मला थापा, माननीय हरि बहादुर भण्डारी र माननीय गणेशमान गुरुङ**ले भाग लिनुभयो ।

तत्पश्चात **माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री श्री बिन्दु कुमार थापा**ले "**गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय सभामुखले "**गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" का सम्बन्धमा सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ९ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदनको संशोधन क्रमसंख्या १ देखि ९ सम्म उल्लेखित संशोधन **"गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले, विधेयकको दफा २ देखि १७ सम्म **"गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

तत्पश्चात माननीय सभामुखले **विधेयकको प्रस्तावना र नाम** पढेर सुनाउँनुभयो ।

तत्पश्चात माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम "**गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

तत्पश्चात माननीय सामाजिक विकास युवा तथा खेलकुद मन्त्री श्री बिन्दु कुमार थापाले "**गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" पारित गरियोस् भनि प्रस्ताव गर्नुभएकोमा उक्त विधेयक **सर्वसम्मतिले** पारित भयो ।

तत्पश्चात माननीय सभामुखले आगामि बैठक अर्को सूचना जारी नभएसम्मको लागि दिनको १:०० बजे स्थगित गर्नुभयो।

.........................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव